जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३३९ • २०८३ असोज ११ गते आईतवार • 27 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेस प्रदेश र कोशी प्रदेश सरकारबिच विभिन्न क्षेत्रमा सहकार्य गर्ने समझदारी



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १० असोज

मधेस प्रदेश र कोशी प्रदेश सरकारबिच सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, राजस्व वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता तथा आर्थिक विकासका क्षेत्रमा सहकार्य गर्ने समझदारी भएको छ ।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराई र कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विदुर कुमार लिङ्थेपले शुक्रबार समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । समझदारीअनुसार दुवै प्रदेशले आगामी दिनमा बजेट निर्माण, राजस्व प्रशासन, वित्तीय सङ्घीयता, बेरुजु फछ्र्योट तथा सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा अनुभव र उत्कृष्ट अभ्यास आदानप्रदान गर्नेछन् । मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले नेपालको संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अङ्गीकार गर्दै यो समझदारी भएको बताए । उनले भने,'एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितका विषयमा सूचना आदानप्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य तथा विधायनका बारेमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्ने संवैधानिक व्यवस्थालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न यो समझदारी गरेका हौं ।'

बजेट परामर्शदेखि संयुक्त कार्यक्रमः दुवै प्रदेशले प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुभन्दा कम्तीमा तीन महिना अघि साझा प्राथमिकता, राजस्व तथा आर्थिक नीतिका विषयमा पूर्व-बजेट परामर्श र संयुक्त कार्यशाला आयोजना गर्ने सहमति भएको छ । त्यस्तै, वार्षिक सहकार्य कार्ययोजना निर्माण तथा प्रगति समीक्षा गर्न संयुक्त अन्तरप्रदेशीय समन्वय समिति गठन गरिनेछ । मन्त्रीस्तरीय उच्चस्तरीय सम्मेलन पनि पालैपालो आयोजना गरिने समझदारीमा उल्लेख छ । बेरुजु फछ्र्योट र सार्वजनिक खर्च सुधारमा सहकार्यः समझदारीमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, परिणाममा आधारित बजेट प्रणाली, आन्तरिक नियन्त्रण तथा बेरुजु फछ्र्योटलाई प्राथमिकतामा राखिएको छ । एक प्रदेशले सार्वजनिक वित्त व्यवस्थापनमा अपनाएका असल अभ्यास अर्को प्रदेशमा प्रयोग गर्ने तथा अनावश्यक प्रशासनिक खर्च घटाउने विषयमा समेत सहकार्य गरिने सहमति पत्रमा उल्लेख छ । राजस्व वृद्धि र डिजिटल प्रणालीमा सहकार्यः दुवै प्रदेशले राजस्व सम्भाव्यता अध्ययन, राजस्व सुधार कार्ययोजना तथा स्थानीय तहको राजस्व प्रशासन सुदृढीकरणमा संयुक्त रूपमा काम गर्नेछन् । वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा प्रदेश र स्थानीय तहबीचको वित्तीय सम्बन्धबारे संयुक्त अध्ययन गरिने र PLMBIs, SuTRa, CGAs लगायतका डिजिटल सार्वजनिक वित्तीय प्रणालीको प्रयोग र कर्मचारीलाई तालिम दिने विषयमा पनि सहकार्य हुनेछ । धार्मिक तथा अन्य पर्यटकीय संयुक्त संरचना विकास गरी त्यसबाट प्राप्त हुने राजस्व बाँडफाँटका लागि आवश्यक ढाँचा तयार गर्ने समझदारीसमेत भएको छ । रोजगारी र उद्यमशीलतालाई प्राथमिकताः समझदारीले युवा रोजगारी, नवप्रवर्तन, उद्यमशीलता, साना तथा मझौला उद्योग र निजी क्षेत्रको लगानी प्रवर्द्धनलाई पनि सहकार्यको प्रमुख क्षेत्रका रूपमा समेटेको छ ।

## ३२ दिनसम्म बुबाको खबर आएन, छोराले दिए कुशको शवलाई मुखाग्नि

मो. इर्शाद
महोत्तरी, १० असोज



रसुवामा आएको विनाशकारी बाढीमा बेपत्ता भएका महोत्तरीका गंगाराम मण्डलको ३२ दिनपछि कुशको प्रतीकात्मक शव बनाएर अन्तिम संस्कार गरिएको छ । मटिहानी नगरपालिका-७ का २० वर्षीय आदित्यराज मण्डलले बुबाको शवसमेत देख्न नपाई कुशको शवलाई मुखाग्नि दिएका हुन् ।

गत भदौ ९ गते परिवारसँग कुराकानी गरेका गंगाराम त्यसपछि सम्पर्कविहीन भएका थिए । रसुवामा पर्यटकलाई मानसरोवर यात्रा गराउने रिचा ट्रेकमा कुकका रूपमा कार्यरत उनी बाढीपछि बेपत्ता भएका थिए । बाढी आएको दिनदेखि नै परिवारले उनको अवस्थाबारे जानकारी पाउन खोजी र सम्पर्कको प्रयास गर्दै आएको थियो । तर, ३२ दिन बितिसक्दा पनि कुनै खबर नआएपछि परिवारले धार्मिक तथा सामाजिक परम्पराअनुसार कुशको शव बनाएर अन्तिम संस्कार गरेको हो । गंगारामको परिवारमा वृद्ध बुवा-आमा, श्रीमती र चार सन्तान छन् । जिल्ला प्रशासन कार्यालय महोत्तरीका अनुसार रसुवा बाढीमा बेपत्ता भएका महोत्तरीका १७ जनामध्ये ९ जना अझै सम्पर्कविहीन छन् भने ८ जना सम्पर्कमा आएका छन् ।




## मितव्ययी रूपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउँदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धामा लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# दीर्घकालीन सुरक्षा कवचको जरुरी

देशभरिका नदी किनार, खुला मैदान र उपयुक्त सार्वजनिक थलोमा बरपिपलका करोडौँ रुख योजनाबद्ध रूपमा हुर्काउन सकियो भने त्यो केवल हरियाली वा भूसंरक्षणको अभियान रहने छैन, धरतीलाई तापबाट जोगाउने, नदी किनारलाई बलियो बनाउने र भोटेकोशीमा देखिएको बाढीपहिरो जस्ता महाविपत्को मार केही हदसम्म थाम्ने दीर्घकालीन सुरक्षा कवच बन्ने देखिन्छ। एउटा रुखले एक्लै पृथ्वी बचाउन सक्दैन तर खर्बौं रुखका पातले अनावश्यक कार्बन सोस्दा र करोडौँ जराले नदी कटान तथा भूक्षय रोक्दा भविष्यको बाटो अवश्य सहज बन्ने देखिन्छ। यस्तो हरित सङ्कल्पले पृथ्वीको तापवृद्धि सुस्त पार्न, हिमालको हिउँ पग्लिने वेग केही पर धकेल्न र भावी पुस्ताका लागि प्रदूषणमुक्त वातावरण निर्माण गर्न महत्वपूर्ण टेवा दिन सक्ने सकिन्छ। हाम्रा पुर्खाले चौतारो बनाएर रुख, बाटो र समाजलाई एउटै छहारीमा जोडिदिएको थियो। अब त्यही बुद्धिलाई नयाँ समयको ज्ञानसँग गाँस्नु पर्छ- पुराना रुखको लेखाजोखा राखेर, नदीलाई उसको स्वाभाविक ठाउँ छोडेर, ग्याबियनदेखि खर, बाँस-निगालो हुँदै बरपिपलसम्मको जीवित तटबन्ध बनाएर र समुदायलाई संरक्षणको अगुवाइ दिएर। बरपिपलको पूजा फूल चढाएर मात्र पूरा हुँदैन, तिनको जरा जोगाउनु, छाया फैलिन दिनु र भावी पुस्ताका लागि हरियो धरती छाड्नु नै साँचो आराधना रहेको छ। हामीले रुख जोगायौँ भने रुखले माटो जोगाउने छ, माटो जोगियो भने बस्ती जोगिने छ, बस्ती जोगियो भने हाम्रो इतिहास, संस्कृति र भविष्य एउटै छहारीमुनि सास फेरिरहने छ। नदी कटान, कार्बन उत्सर्जन र हिमालमा हुने तापमान वृद्धिको समाधान हाम्रा आँखाअगाडि भगवान् कृष्णका अंशका रूपमा उभिएको छ, हामी भने दिशाविहीन भौँतारिरहेका छौँ।

# मौसममा सुधार आई वर्षा कम भएसँगै बागमती नदीमा बाढीको सतह घट्न थाले

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १० असोज**



सर्लाही र रौतहटको सीमा भएर बग्ने बागमती नदीमा बाढी घट्दै गएको छ। मौसममा सुधार आई वर्षा कम भएसँगै बागमती नदीमा बाढीको सतह घट्न थालेको हो।

जल तथा मौसम विज्ञान विभागको पथेरादोभान जलमापन केन्द्रमा कार्यरत जलमापन सहायक (गेज रिडर) राजु पाटा मगरका अनुसार शनिबार बिहान ७ बजेको मापनमा बागमती नदीको जलसतह ३.६५ मिटर रहेको छ। यसअघि शुक्रबार बेलुका ५ बजेको मापनमा बागमतीको जलसतह ४.६० मिटर पुगेको थियो।

बागमती नदीमा जलसतह ६ मिटर पुगेपछि खतरा मानिन्छ। शनिबार बिहानदेखि भने नदीको जलसतह निरन्तर घटिरहेको गेज रिडर मगरले बताउनुभयो। भारी वर्षाको पूर्वानुमानपछि बागमती नदीस्थित बागमती ड्यामका सबै ३६ वटा ढोका निरन्तर खोलिएको बागमती सिँचाइ आयोजनामा कार्यरत विनोद पासवानले जानकारी दिनुभयो। उहाँका अनुसार ड्यामका सबै ढोका खोलिए पनि सर्लाही र रौतहटतर्फका नहरका ढोका भने बन्द गरिएको छ। बागमती सहित सर्लाहीका लखन्देही, बाँके, फूलजोर, कालिन्जोरलगायत खोलामा सामान्य बाढी आएको छ। सर्लाहीका प्रमुख जिल्ला अधिकारी जिल्लाभरको अवस्था सामान्य रहेको बताउनुभएको छ।

प्रमुख जिल्ला अधिकारी सुवेदीसहितको टोलीले शुक्रबार दिनभर बागमती नदीको तटीय क्षेत्रलगायत जिल्लाका विभिन्न भू-भागको निरीक्षण गरेको थियो।

# फोहोर व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउँदै आए पनि स्थायी ल्यान्डफिल साइटको टुंगो लागेन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० असोज**



मधेश प्रदेशको राजधानी समेत रहेको जनकपुरधाम उपमहानगरपालिकाले दीर्घकालीन रूपमा फोहोर व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउँदै आए पनि स्थायी ल्यान्डफिल साइटको टुंगो लाग्न सकेको छैन।

उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहको पाँच वर्षे कार्यकाल सकिन लाग्दासमेत स्थायी रूपमा फोहोर व्यवस्थापन गर्न नसकेपछि पुन: अस्थायी रूपमा फोहोर व्यवस्थापनका लागि जग्गा भाडामा लिन सूचना जारी गरिएको छ। यसअघि फोहोर फाल्दै आएको जग्गा भरिएपछि पुन: अस्थायी रूपमै फोहोर व्यवस्थापनका लागि जग्गाको खोजी भइरहेको हो।

नगर प्रमुख साहको कार्यकाल अन्तिम चरणमा पुग्दासमेत दैनिक उत्पादन हुने फोहोर व्यवस्थापनका लागि स्थायी स्थलको व्यवस्था हुन नसकेपछि उपमहानगरपालिकाले दोस्रो पटक जग्गा भाडामा लिन गत मंगलबार सूचना प्रकाशित गरेको हो।

उपमहानगरपालिकाले दोस्रो पटक फोहोर व्यवस्थापनका लागि जग्गा भाडामा लिन इच्छुक जग्गाधनीसँग प्रस्ताव मागेको छ। सूचनाअनुसार इच्छुक जग्गाधनीले सात दिनभित्र जग्गाको भाडादर खुलाएर निवेदन दिनुपर्नेछ। प्रस्तावित जग्गा एउटै स्थानमा हुनुपर्ने तथा बस्ती र विद्यालयबाट कम्तीमा एक किलोमिटर टाढा हुनुपर्ने मापदण्ड तोकिएको छ। तर, यसरी जहाँ पाए त्यहीँ फोहोर व्यवस्थापन गर्दा त्यसबाट पर्ने वातावरणीय प्रभावबारे प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी विषय भने सूचनामा उल्लेख गरिएको छैन। यसअघि फोहोर व्यवस्थापनका लागि जग्गा खोज्ने क्रममा उपमहानगरपालिकाका प्रमुख साहसँग प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनबारे जानकारी लिन खोज्दा उहाँले भन्नुभएको थियो, “यहाँ जग्गा पाइरहेको हुँदैन, त्यसमा पनि वातावरणीय परीक्षण गर्न थाल्यो भने कुनै जग्गा पाउन सकिने अवस्था रहँदैन।”

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाूड़ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चटयाूड़ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्ग्ता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**

## तपाईको टुडे

- मेष: मनमा पछुतो आउने
- वृष: लामो यात्राको योग छ
- मिथून: पिछडेको साथी मिल्ने
- कर्कट: विचार गरेर बोल्नुहोला
- सिंह: खानपानमा समस्या आउने
- कन्या: अनावश्यक चिन्ता
- तुला: आम्दानी हुने
- वृश्चिक: शुभ कार्यको शुरुवात
- धनु: अशुभ समाचार प्राप्त हुने
- मकर: मित्रतामा फाटो आउने
- कूम्भ: अनावश्यक खर्चको संभावना
- मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्प-सी भेटमा नयाँ सहमति : अमेरिका-चीनले खोल्ने भए अलग सञ्चार संयन्त्र



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० असोज**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीचको शिखर वार्तापछि अमेरिका र चीनले 'सुपर इन्टेलिजेन्स' बारे छलफल गर्न नयाँ सञ्चार संयन्त्र खोल्ने सहमति गरेका छन् ।

दुवै देशले एआईसँग सम्बन्धित उच्च जोखिमका घटनामा सूचना आदानप्रदान र संवादका लागि यो संयन्त्र अघि बढाउने भएका हुन्। यो सहमति दुई प्रमुख एआई शक्तिबीच प्रविधिको प्रतिस्पर्धा तीव्र भइरहेका बेला भएको हो । ट्रम्पले हालै 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) लाई 'सुपर इन्टेलिजेन्स' (एसआई) भन्न थालेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबिच वासिङ्टनमा भएको शिखर वार्तापछि अमेरिका र चीनले अत्याधुनिक एआई अर्थात् 'सुपर इन्टेलिजेन्स'सँग सम्बन्धित घटनाबारे छलफल गर्न नयाँ सञ्चार संयन्त्र खोल्ने सहमति गरेका छन् । दुवै देशले एआईसँग सम्बन्धित उच्च जोखिमका घटनामा सूचना आदान-प्रदान र संवादका लागि संयन्त्र अघि बढाउने भएका हुन् । यसअघि अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले राष्ट्रिय सुरक्षामा असर पार्न सक्ने उच्चस्तरीय एआई घटनाका विषयमा दुई देशबिच 'नोटिफिकेसन मेकानिज्म' आवश्यक रहेको प्रस्ताव गरेका थिए ।

यो सहमति विश्वका दुई प्रमुख एआई शक्तिबिच प्रविधिको प्रतिस्पर्धा तीव्र भइरहेका बेला भएको हो । दुवै देशबिच एआई मोडल, अत्याधुनिक चिप, प्रविधि निर्यात तथा राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषयमा तनाव रहँदै आएको छ । एआई जोखिम व्यवस्थापनमा संवाद: यसअघि चिनियाँ नीति विज्ञ झेङ योङनियानले अमेरिका र चीनमध्ये कुनै एक देशले मात्र एआईबाट उत्पन्न जोखिम व्यवस्थापन गर्न नसक्ने बताएका थिए । उनले एआईको विकास र नियमनका लागि दुई देशबिच सहकार्य आवश्यक रहेको बताएका थिए । उनका अनुसार अमेरिका र चीनले छुट्टाछुट्टै एआई प्रणाली र नियम निर्माण गरे त्यसले शीतयुद्धकालीन अमेरिकी-सोभियत प्रतिस्पर्धाजस्तो अवस्था निम्त्याउन सक्ने जोखिम छ ।

# 'झिँगेदाउ २' को दोस्रो साताको व्यवसाय कस्तो ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० असोज**

गत असोज २ गतेदेखि प्रदर्शनमा आएको नेपाली कथानक चलचित्र 'झिँगेदाउ २' शुक्रबारदेखि दोस्रो सातामा प्रवेश गरेको छ ।

पहिलो साता दर्शकको उत्साहजनक साथ पाएको यस चलचित्रले दोस्रो साताको शुक्रबार र शनिबार पनि हलहरूमा राम्रो उपस्थिति कायम राखेको छ । पारिवारिक कथा र मनोरञ्जनात्मक प्रस्तुति रहेको चलचित्रले पहिलो सातामा करिब डेढ करोड रुपैयाँ



आसपासको व्यापार गरेको वितरकहरूले जनाएका छन्। चलचित्रको यकिन व्यावसायिक आँकडा भने सोमबार बक्स अफिसले सार्वजनिक गर्नेछ । दोस्रो सातामा पनि चलचित्रले दर्शकको राम्रो साथ पाइरहेको निर्देशक ज्ञानेन्द्र देउजाले बताएका छन् । निर्देशक देउजाले भने, 'दर्शकले कथावस्तु, कलाकारको अभिनय, प्रस्तुति र गीतसंगीतको प्रशंसा गरिरहेका छन् ।

चलचित्र हेर्ने क्रममा धेरैजसो दृश्यमा दर्शक खुलेर हाँसेका छन् भने केही क्षणमा भावुक बनेका छन् ।' विशेष गरी पारिवारिक सम्बन्धभित्रको मनमुटाब, झगडा र त्यसले निम्त्याउने परिस्थितिले दर्शकको मन छोएको उनको भनाइ छ। ज्ञानेन्द्र देउजाको निर्देशनमा बनेको यस चलचित्रमा केकी अधिकारी, आँचल शर्मा, महेश त्रिपाठी, कुशल विष्ट, आर्यन सिग्देल, हिउँवाला गौतम, सरोज खनाल, बसुन्धरा भुसाल, चैत्यदेवी सिंह, संगम भण्डारी, विजय देउजा, अंशु महर्जन, अभयराज बराल, उत्तम केसी र आशा भुसाललगायतका कलाकारको अभिनय छ ।

# खाल्डोमा जमेको पानीमा डुबेर पाँच वर्षीय बालकको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १० असोज**

सप्तकोशी नदीको बिच भागमा अवस्थित सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-१३ गोबरगढामा खाल्डोमा जमेको पानीमा डुबेर पाँच वर्षीय बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीय सुरेश यादवका छोरा विवेक यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार शुक्रबार दिउँसो करिब १२ बजे घरबाट करिब एक किलोमिटर दक्षिणतर्फ रहेको चौरमा खेल्ने क्रममा बालक खाल्डोमा जमेको पानीमा डुबेका थिए । पानीमा डुबेका बालकलाई उद्धार गरी घरमा लगिएको थियो। घरमा लग्दा उनको मृत्यु भइसकेको अवस्थामा स्थानीयवासीले प्रहरीलाई जानकारी गराएका थिए । घटनाबारे हनुमाननगर कङ्कालिनी नगरपालिका-१३ का वडाध्यक्ष कुशेश्वर यादवले दिउँसो प्रहरीलाई जानकारी गराउनुभएको थियो। जानकारी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरीक्षक अनिल साहको नेतृत्वमा अनुसन्धानका लागि प्रहरीको प्राविधिक टोली घटनास्थल तर्फ पठाइएको प्रहरी नायव उपरीक्षक घिमिरेले बताउनुभयो । सप्तकोशी नदीको बीच भागमा अवस्थित गोबरगढा क्षेत्र पछिल्लो समय नदीमा पानीको बहाव बढेसँगै बाढीको उच्च जोखिममा रहेको छ ।


**जनहितमा जारी सन्देश**

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चटयाङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



**जनहितमा जारी सन्देश**

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चटयाङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



**जनहितमा जारी सन्देश**

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चटयाङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

**अनुरोधकर्ता**
**मटिहानी नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



**जनहितमा जारी सन्देश**

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चटयाङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

**अनुरोधकर्ता**
**बलवा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# पितृ तर्पण : वैदिक स्मृतिदेखि महालया र सोह्रश्राद्धसम्मको सनातन परम्परा



–प्रेमचन्द्र झा ।

यस वर्ष असोज ११ देखि २४ गतेसम्म सोह्रश्राद्ध, असोज २४ गते महालया औँसी तथा पितृ विसर्जन । राजदेवी नगरपालिकामा सोह्रश्राद्धको पहिलो दिन नदी तथा जलाशयका किनारमा पितृलाई तर्पण गर्ने श्रद्धालुको भीड देखिन्थ्यो। पुरुषहरू जलपात्र बोकेर नदीतर्फ जाने र कुश, तिल तथा जल अर्पण गर्दै पूर्वजको स्मरण गर्ने क्रम चलिरहेको थियो। तर त्यही भीडमा एउटा दृश्य केही फरक थियो ।

पुरुषहरू तर्पण गरेर फर्किंदै गर्दा गीता देवी राउत बरै नदी किनारमा पुगिन्। हातमा जलपात्र थियो, मनमा आफ्ना दिवंगत माता-पिता, आमा-हजुरआमा र पूर्वजप्रतिको गहिरो सम्झना । राजदेवी नगरपालिका-३, बसतपुर निवासी रामचन्द्र राउत बरैकी श्रीमती गीता देवीले प्रश्न गरिन्– “महिलाले तर्पण किन नगर्ने?”
उनी आफ्ना पूर्वजको नाममा तर्पण गर्न नदी किनार पुगेकी थिइन्। उनका लागि त्यो केवल एउटा धार्मिक कर्म थिएन, आफ्नो अस्तित्वको जरा सम्झने अवसर थियो। श्रीमान् बाहिर रहेको अवस्थामा आफूले सकेसम्म पूर्वजप्रतिको कर्तव्य पूरा गर्न चाहेको उनले बताइन् । पुरुषहरूले जस्तै आफूले पनि पितृपक्षभरि तर्पण गर्ने इच्छा व्यक्त गरिन् । गीता देवीको त्यो उपस्थितिले एउटा धार्मिक कर्मकाण्डसँगै सामाजिक प्रश्न पनि उठाएको छ–पितृलाई सम्झने अधिकार, श्रद्धाको अभिव्यक्ति र बदलिँदो सामाजिक अभ्यासबीचको सम्बन्ध के हो ? यो प्रश्नको उत्तर सबै समुदाय, कुल, सम्प्रदाय र गृह्यपरम्पराका लागि एउटै हुन सक्दैन। पितृकर्मका विधिमा क्षेत्र, कुलाचार, शाखा र परम्पराअनुसार भिन्नता पाइन्छ । तर गीता देवीको हातबाट अर्पण भएको जलले एउटा सार्वभौम भावलाई भने अभिव्यक्त गर्छ–पूर्वजप्रतिको स्मरण र कृतज्ञता । मानिसको जीवन वर्तमानमा मात्र अडिएको हुँदैन। उसको अस्तित्व पछाडि एउटा लामो वंशयात्रा हुन्छ–आमा-बुबा, बाजे-बज्यै, परबाजे-परबज्यै हुँदै पुस्तौँ पुस्तासम्म फैलिएको। हामीले बोल्ने भाषा, सिकेको संस्कार, अपनाएको संस्कृति, पाएको नाम, घर-परिवार, परम्परा र जीवनका धेरै आधार कुनै न कुनै रूपमा अघिल्ला पुस्ताबाट प्राप्त भएका हुन्छन् । त्यसैले सनातन चिन्तनमा मानिसलाई केवल वर्तमान पुस्ताको सदस्यका रूपमा होइन, अतीत र भविष्यबीचको एउटा सेतुका रूपमा हेरिएको पाइन्छ ।

यही वंशीय स्मृति, कृतज्ञता र पितृऋणको धार्मिक अभिव्यक्ति हो–पितृ तर्पण । जलको अञ्जलीमा कृतज्ञताको इतिहास पितृ तर्पण हिन्दू धर्म-संस्कृतिको अत्यन्त प्राचीन परम्परा हो। जल, तिल, कुश र मन्त्रद्वारा दिवंगत पितृहरूको स्मरण गर्दै गरिने तर्पणमा केवल कर्मकाण्ड छैन; यसभित्र स्मृति छ, श्रद्धा छ, कृतज्ञता छ र आफूभन्दा अघिका पुस्ताप्रतिको दायित्वबोध छ । वैदिक साहित्यमा पितृयज्ञको अवधारणादेखि गृह्यसूत्र, धर्मसूत्र, स्मृति, महाभारत र पुराणसम्म पितृकर्मको निरन्तरता देखिन्छ। त्यसैले पितृ तर्पणलाई कुनै एउटा कालखण्डमा जन्मिएको कर्मकाण्डका रूपमा मात्र बुझ्नु यसको ऐतिहासिक र सांस्कृतिक गहिराइलाई सीमित गर्नु हुनेछ । ‘तर्पण’ शब्द संस्कृतको ‘तृप्’ धातुसँग सम्बन्धित मानिन्छ। यसको भाव तृप्त पार्नु, सन्तुष्ट गर्नु वा प्रसन्न पार्नु हो। श्रद्धापूर्वक जल, तिल आदि अर्पण गर्दै ‘तृप्यताम्’–तृप्त हुनुहोस्–भन्ने भाव व्यक्त गरिने कर्मलाई पितृ तर्पण भनिन्छ । यसको भौतिक अर्थ जल अर्पण गर्नु भए पनि आध्यात्मिक अर्थ अझ गहिरो छ। यसको मूल भाव हो–“हामी आफ्नो अस्तित्वको स्रोतलाई सम्झिरहेका छौँ।” देवऋण, ऋषिऋण र पितृऋण: सनातन धार्मिक चिन्तनमा मानिसमाथि विभिन्न प्रकारका ऋण वा दायित्वको अवधारणा पाइन्छ। देवताप्रति यज्ञ-उपासना, ऋषिप्रति ज्ञान र संस्कारको संरक्षण तथा पितृप्रति वंश, स्मृति, श्राद्ध र तर्पणलाई दायित्व निर्वाहका रूपमा बुझ्ने परम्परा विकसित भएको छ । तैत्तिरीय उपनिषद्को प्रसिद्ध वचन छ–

श्र ८८मातृदेवो भव ।
श्र पितृदेवो भव ।
श्र आचार्यदेवो भव ।
श्र अतिथिदेवो भव । ।८८

अर्थात–आमालाई देवतासमान मान, बाबुलाई देवतासमान मान, आचार्यलाई देवतासमान मान र अतिथिलाई देवतासमान मान।
यो वचनले एउटा महत्वपूर्ण पक्ष देखाउँछ–पितृसम्मान मृत्यु भएपछि मात्र सुरु हुने विषय होइन। जीवित माता-पिताको सम्मान, सेवा र संरक्षण पनि पितृऋणको व्यापक भावभित्र पर्छ।
त्यसैले पितृकर्मको वास्तविक अर्थ बुझ्दा दुईवटा पक्ष सँगसँगै आउँछन्–दिवंगत पितृको स्मरण र जीवित पितृको सम्मान।

श्राद्धमा श्रद्धाको स्थान

पितृकर्ममा ‘श्रद्धा’लाई प्रधानता दिइन्छ। श्रद्धासहित गरिने कर्मलाई नै श्राद्ध भनिएको धार्मिक व्याख्या पाइन्छ।
धर्मशास्त्रीय परम्पराले श्राद्धका लागि अपराह्नकाललाई विशेष महत्व दिएको छ। मनुस्मृतिमा भनिएको छ– श्र ८८यथा पक्षो्परः श्रेष्ठः श्राद्धस्य च तथापरः । श्र अपराह्णस्तु यः प्रोक्तः पितृणां तु स उच्यते ॥ ८८ यसको भाव श्राद्धकर्मका लागि अपराह्नकाललाई विशेष उपयुक्त मानिएको छ भन्ने हो । त्यही सन्दर्भमा अर्को श्लोकमा भनिएको छ– श्र ८८यदेव तर्पयत्यद्‌भिः पितककन् स्नात्वा द्विजोत्तमः । श्र तेनैव कृत्स्नमाप्नोति पितृयज्ञक्रियाफलम् ॥ ८८ अर्थात् स्नान गरेर जलद्वारा पितृलाई तर्पण गर्ने कर्मलाई पनि पितृयज्ञको महत्वपूर्ण फलसँग जोडिएको छ ।

तर यहाँ एउटा कुरा बुझ्न आवश्यक छ। शास्त्रीय निर्देशको सामान्य सिद्धान्त र स्थानीय कर्मकाण्डको व्यवहारिक समय एउटै कुरा होइन। तिथि प्रवेश, समाप्ति, सूर्योदय-सूर्यास्त, स्थानविशेषको पञ्चाङ्ग र कुलाचारअनुसार वास्तविक श्राद्ध वा तर्पणको समय फरक पर्न सक्छ। त्यसैले अपराह्नकाललाई धर्मशास्त्रीय महत्व दिइएको भए पनि हरेक ठाउँमा एउटै घडीलाई अनिवार्य समय मान्नु उचित हुँदैन । पिता, पितामह र प्रपितामहः पितृकर्ममा पिता, पितामह र प्रपितामहलाई विशेष स्थान दिइएको पाइन्छ। मनुस्मृतिमा भनिएको छ– श्र ८८ वसून् वदन्ति तु पितककन् रुद्रांश्चैव पितामहान् । श्र प्रपितामहांस्तथादित्यान् श्रुतिरेषा सनातनी ॥ ८८ धार्मिक व्याख्यामा पिता वसुस्वरूप, पितामह रुद्रस्वरूप र प्रपितामह आदित्यस्वरूप मानिने परम्परा छ । यसै कारण पितृकर्ममा तीन पुस्तालाई विशेष स्थान दिइन्छ। तर यसको अर्थ पितृकर्म केवल तीन पुस्तामा सीमित हुन्छ भन्ने होइन। विभिन्न कुलपरम्परा र श्राद्धविधिमा माता, मातामह, मातामही तथा अन्य ज्ञात-अज्ञात दिवंगत आफन्तको स्मरण पनि गरिन्छ । पितृ भनेको केवल पुरुष पूर्वजको संकुचित अर्थमा बुझ्नु हुँदैन। जसले जीवन, संस्कार, परिवार र परम्पराको निरन्तरतामा योगदान गरे, उनीहरू सबैको स्मृति पितृकर्मको व्यापक भावसँग जोडिन सक्छ । वैदिक कालमा पितृयज्ञ पितृहरूको स्मरण वैदिक धार्मिक परम्पराको पुरानो तहसम्म पुग्छ। ऋग्वेदमा पितृहरूलाई सम्बोधन गरिएका मन्त्र तथा सूक्तहरू पाइन्छन्। पितृहरूलाई आह्वान, हविष्य र सोमसँग सम्बन्धित धार्मिक कल्पनासँग जोडिएको देखिन्छ।
पितृहरूलाई सम्बोधन गरिएको एउटा वैदिक मन्त्र यस्तो छ–

श्र ८८उशन्तस्त्वा निधीमहि
श्र उशन्तः समिधीमहि।
श्र उशन्त आ वहा वह
श्र पितककन् हविषे अत्तवे॥८८

वैदिक मन्त्रपरम्परामा पितृहरूको आह्वान र हविष्य अर्पणको धार्मिक भाव देखिन्छ। यसले पूर्वजप्रतिको श्रद्धा पुराणकालमा मात्र विकसित भएको नभई वैदिक धार्मिक जीवनको पुरानो तहसँग सम्बन्धित रहेको देखाउँछ।
समयसँगै पितृयज्ञको स्वरूप विस्तार हुँदै गयो। गृह्यसूत्र र धर्मसूत्रले श्राद्ध तथा पितृकर्मका विधिलाई व्यवस्थित गरे। स्मृतिग्रन्थहरूले तिथि, आचार, दिशा, भोजन, दान र तर्पणका विषयमा नियम प्रस्तुत गरे। महाभारत र पुराणहरूले त्यसमा आख्यान र धार्मिक अर्थ थपे।
यसरी आजको पितृकर्म हजारौँ वर्षमा विकसित हुँदै आएको सनातन परम्पराको वर्तमान रूप हो।

निमि ऋषि र श्राद्धको कथा

महाभारतको अनुशासन पर्वमा श्राद्धको उत्पत्तिसँग सम्बन्धित निमि ऋषिको कथा उल्लेखनीय छ ।
युधिष्ठिरले भीष्मसँग श्राद्धको उत्पत्ति, यसको विधि र महत्वबारे प्रश्न गर्दा भीष्मले निमिको प्रसंग सुनाउँछन्। आफ्ना पुत्र श्रीमतको निधनपछि शोकाकुल निमिले पुत्रको सम्झनामा अन्न, फलफूल आदिको व्यवस्था गरी पितृकर्म गरे । त्यसपछि ऋषिहरूले पनि पितृका लागि श्राद्ध गर्न थालेको धार्मिक आख्यान महाभारतमा पाइन्छ । यस कथाको धार्मिक अर्थ गहिरो छ । मृत्युले जन्माएको शोकलाई केवल विलापमा सीमित नगरी स्मृति, श्रद्धा, अर्पण र कर्तव्यमा रूपान्तरण गर्नु नै श्राद्धको सांस्कृतिक मर्मका रूपमा बुझ्न सकिन्छ । मानिसको दुःखलाई संस्कारमा रूपान्तरण गर्ने एउटा माध्यम बनेको छ–श्राद्ध ।

कर्णको कथा र पितृदायित्व

पितृपक्षसँग जोडिएको अर्को लोकप्रिय धार्मिक कथा कर्णसँग सम्बन्धित छ। दानवीर कर्णले जीवनभर सुन, चाँदी, गहना तथा अन्य वस्तु दान गरे। तर पितृका लागि अन्न-जल अर्पण नगरेको कथात्मक प्रसंग पुराण तथा लोकपरम्परामा पाइन्छ। मृत्युपछि पितृलोकमा त्यसैको परिणाम भोग्नुपरेको र उनलाई पृथ्वीमा फर्केर पितृका लागि श्राद्ध गर्ने अवसर दिइएको कथा प्रचलित छ ।

यसलाई ऐतिहासिक तथ्यका रूपमा भन्दा पितृकर्मको महत्व बुझाउने धार्मिक-प्रतीकात्मक आख्यानका रूपमा बुझ्नु उपयुक्त हुन्छ । यस कथाको सन्देश स्पष्ट छ–समाजलाई दान गर्नु, परोपकार गर्नु र सार्वजनिक जीवनमा योगदान गर्नु महत्वपूर्ण भए पनि आफ्नो परिवार र पूर्वजप्रतिको स्मृति तथा दायित्व बिर्सनु हुँदैन । जल, तिल र कुश पितृ तर्पणमा जलको स्थान विशेष छ। जल जीवनको आधार हो। सनातन संस्कारमा जललाई शुद्धता, जीवन र पवित्रताको प्रतीकका रूपमा लिइन्छ । स्नान, आचमन, अभिषेक, अर्घ्य र तर्पण–यी सबैमा जलको महत्वपूर्ण स्थान छ । तिल पनि पितृकर्मको महत्वपूर्ण द्रव्य हो। तिल मिसाइएको जललाई तिलोदक भनिन्छ। कुश वैदिक कर्मकाण्डमा पवित्र वनस्पतिका रूपमा प्रयोग हुन्छ । यसैले नदी किनारमा उभिएर हातमा कुश, जलमा तिल र मुखमा मन्त्र उच्चारण गर्दै गरिएको तर्पण बाहिरबाट सरल देखिए पनि त्यसको पछाडि लामो धार्मिक इतिहास छ।
पितृकर्ममा ‘स्वधा’ शब्दको विशेष महत्व छ। देवताका लागि अर्पण गर्दा ‘स्वाहा’ प्रयोग हुने परम्पराको तुलनामा पितृकर्ममा ‘स्वधा’ विशेष रूपमा प्रयोग हुन्छ ।

सामान्य पितृस्मरण मन्त्र–

श्र ८८ॐ पितृभ्यः स्वधा नमः।
श्र ॐ पितामहेभ्यः स्वधा नमः।
श्र ॐ प्रपितामहेभ्यः स्वधा नमः।८८

त्यस्तै– श्र ८८देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च ।
श्र नमः स्वधायै स्वाहायै नित्यमेव नमो नमः ॥८८ यी मन्त्रहरूले पितृ, देवता र स्वधा-स्वाहाप्रतिको श्रद्धाभाव व्यक्त गर्छन् । तर्पण र श्राद्ध एउटै होइन पितृकर्मबारे धेरैपटक एउटा भ्रम देखिन्छ–तर्पण र श्राद्धलाई एउटै मान्ने । यी दुवै पितृकर्मसँग सम्बन्धित भए पनि एउटै होइनन् । श्राद्ध व्यापक कर्म हो। त्यसमा संकल्प, पितृआवाहन, पिण्डदान, तर्पण, ब्राह्मण सत्कार, भोजन, दक्षिणा तथा अन्य कर्म समावेश हुन सक्छन् । तर्पण भने मुख्यतः जल तथा तिलजस्ता द्रव्यद्वारा पितृलाई अर्पण गर्ने कर्म हो । अर्थात् कुनै श्राद्धमा तर्पण एउटा अंग हुन सक्छ, तर हरेक तर्पणलाई पूर्ण श्राद्ध भन्न मिल्दैन । यही भिन्नता बुझ्नु पितृकर्मको विधि बुझ्न महत्वपूर्ण छ। पार्वण श्राद्ध के हो ? विशेष पर्व, तिथि वा पितृसम्बन्धी अवसरमा गरिने श्राद्धलाई पार्वण श्राद्ध भनिन्छ। पितृपक्षमा दिवंगत पितृको मृत्यु भएको तिथिमा श्राद्ध गर्ने परम्परा छ । त्यस दिन संकल्प, पितृस्मरण, पिण्डदान, तर्पण, भोजन, दान तथा दक्षिणाजस्ता कर्म कुलपरम्पराअनुसार गरिन्छ । यसकारण पितृपक्षलाई ‘सबैले सोह्रै दिन एउटै प्रकारको श्राद्ध अनिवार्य रूपमा गर्नुपर्ने अवधि’ भनेर बुझ्नु ठीक हुँदैन । पितृको मृत्यु तिथि थाहा भए मुख्य श्राद्ध सोही तिथिमा गर्ने परम्परा हो। तिथि थाहा नभएको, छुटेको वा विशेष परिस्थितिमा सर्वपितृ अमावस्यालाई महत्वपूर्ण अवसर मानिन्छ । यस वर्षको सोह्रश्राद्ध वि.सं. २०८३ सालमा पूर्णिमा श्राद्ध असोज १० गते परेको छ। त्यसपछि असोज ११ गतेदेखि आश्विन कृष्ण प्रतिपदासँगै पितृपक्षको मुख्य क्रम अघि बढ्छ । यस वर्षको तिथिक्रमलाई स्पष्ट रूपमा राख्दा– मिति तिथि श्राद्ध असोज १० पूर्णिमा पूर्णिमा श्राद्ध असोज ११ प्रतिपदा प्रतिपदा श्राद्ध असोज १२ द्वितीया द्वितीया श्राद्ध असोज १३ तृतीया तृतीया श्राद्ध असोज १४ चतुर्थी चतुर्थी श्राद्ध असोज १५ पञ्चमी पञ्चमी श्राद्ध असोज १६ षष्ठी षष्ठी श्राद्ध असोज १७ सप्तमी सप्तमी श्राद्ध असोज १८ अष्टमी अष्टमी श्राद्ध असोज १९नवमी नवमी/मातृनवमी असोज २० दशमी दशमी श्राद्ध असोज २१एकादशी एकादशी श्राद्ध असोज २२द्वादशी द्वादशी/मघा श्राद्ध असोज २३ त्रयोदशी/चतुर्दशी क्रम सम्बन्धित तिथि श्राद्ध असोज २४ औँसी सर्वपितृ अमावस्या तथा पितृ विसर्जन तिथिको व्यवहारिक निर्धारणमा स्थानीय पञ्चाङ्ग र तिथि प्रवेश-समाप्तिको गणना महत्वपूर्ण हुने भएकाले कर्मकाण्डको वास्तविक समयका लागि आफ्नो क्षेत्रको मान्य पञ्चाङ्ग तथा कुलाचारलाई आधार मान्नु उपयुक्त हुन्छ। यहाँ एउटा कुरा स्पष्ट हुनुपर्छ–षष्ठी दोहोरिँदैन। असोज १६ गते नै षष्ठी श्राद्ध हो। चतुर्थी असोज १४ गते, पञ्चमी असोज १५ गते र षष्ठी असोज १६ गते क्रमशः आउँछन् । पूर्णिमा श्राद्धलाई समेत गणनामा राखेर ‘सोह्रश्राद्ध’को परम्परा बुझिन्छ। मुख्य पितृपक्ष भने प्रतिपदादेखि अमावस्यासम्मको कृष्णपक्षसँग सम्बन्धित हुन्छ । तर्पण कति दिन गर्ने ? अब अर्को प्रश्न उठ्छ–पितृ तर्पण कति दिन गर्ने?
यसको उत्तर श्राद्धसँग मिसाउनु हुँदैन। पितृपक्षको अवधि असोज ११ देखि असोज २४ गतेसम्म भए पनि सबै गृहस्थले अनिवार्य रूपमा एउटै प्रकारको तर्पण लगातार सबै दिन गर्नुपर्छ भन्ने एउटै नियम छैन । पितृको मृत्यु तिथि थाहा छ भने मुख्य श्राद्ध र तर्पण सोही तिथिमा गर्ने परम्परा हो। कतिपय परिवारमा पितृपक्षभरि दैनिक तर्पण गर्ने कुलाचार हुन्छ। कतिपयले विशेष संकल्प लिएर नियमित तर्पण गर्छन्। त्यसैले आफ्नो कुलाचार, गृह्यपरम्परा, वेदशाखा र आचार्यको निर्देशनलाई आधार मान्नु उपयुक्त हुन्छ। अर्थात–‘सोह्रश्राद्ध भयो, त्यसैले सबैले सोह्रै दिन अनिवार्य रूपमा एउटै प्रकारको तर्पण गर्नुपर्छ’ भन्ने निष्कर्ष मात्र शास्त्रीय परम्पराको एकमात्र व्याख्या होइन । पितृकर्ममा तिथि प्रधान हुन्छ । महालया अमावस्या र पितृ विसर्जन पितृपक्षको अन्तिम दिनलाई विशेष महत्व दिइन्छ । सर्वपितृ अमावस्याका रूपमा चिनिने यस दिन आफ्नो पितृको निश्चित तिथि थाहा नभएका, तिथि छुटेका वा ज्ञात-अज्ञात सम्पूर्ण पितृको सामूहिक स्मरण गर्ने धार्मिक परम्परा छ । यस वर्ष असोज २४ गते औँसी परेको छ । यही दिन पितृ विसर्जन तथा औँसी श्राद्ध गरिन्छ । महालया शब्दसँगै पितृपक्षको भाव अझ व्यापक हुन्छ। व्यक्तिगत पितृको स्मृतिबाट सम्पूर्ण पितृसमुदायतर्फ श्रद्धा विस्तार हुन्छ । यसैले सर्वपितृ अमावस्या एउटा परिवारको मात्र स्मृति होइन; ज्ञात-अज्ञात सबै पूर्वजप्रतिको सामूहिक श्रद्धाको अवसरका रूपमा बुझिन्छ । मातृनवमी : आमाको स्मरण पितृपक्षको नवमीलाई पनि विशेष महत्व दिइन्छ । मातृनवमीका रूपमा प्रचलित यस दिन दिवंगत आमा, बज्यै तथा मातृपक्षका महिलाको स्मरण गर्ने परम्परा छ ।

यसले पितृकर्म केवल पुरुष पूर्वजको स्मरणमा सीमित छैन भन्ने महत्वपूर्ण सांस्कृतिक सन्देश दिन्छ । जसरी जीवनमा आमाको स्थान अपरिहार्य छ, त्यसरी नै पितृस्मृतिमा मातृपक्षको स्थान पनि महत्वपूर्ण छ । यही सन्दर्भमा गीता देवीको नदी किनारमा गरिएको तर्पणलाई केवल ‘महिलाले तर्पण गरिन्’ भन्ने दृश्यमा सीमित गर्नु उचित हुँदैन । विभिन्न सम्प्रदाय, कुल, क्षेत्र र गृह्यपरम्परामा पितृकर्मका विधिमा अन्तर पाइन्छ। त्यसैले महिलाले तर्पण गर्न मिल्छ वा मिल्दैन भन्ने प्रश्नमा सबै परम्पराका लागि एउटै सार्वभौम निष्कर्ष दिनुभन्दा सम्बन्धित कुलाचार र आचार्यको विधिलाई आधार मान्नु सावधानीपूर्ण हुन्छ । तर गीता देवीले व्यक्त गरेको मूल भावना–पूर्वजलाई सम्झने र श्रद्धा व्यक्त गर्ने–पितृकर्मको केन्द्रमा रहेको भावसँग जोडिन्छ । कसलाई तर्पण गर्ने ? पितृ तर्पणमा कसलाई

क्रमशः

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday